# चुमनुव्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १५ मितिः २०७५/१०/२२

## भाग-२

## चुमनुव्री गाउँपालिका शिक्षक छनौट सम्बन्धि कार्यविधि, २०७५

**चुमनुव्री गाउँपालिका**

**सिर्दिबास, गोरखा**

# चुमनुव्री गाउँपालिका शिक्षक छनौट सम्बन्धि कार्यविधि २०७५

यस गा.पा. भित्रका विभिन्न विद्यालयहरुमा रिक्त दरबन्दीमा करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले छनौट प्रक्रियालाई निष्पक्ष, स्वतन्त्र, न्यायपुर्ण, मर्यादित र स्वच्छ प्रतिस्पर्धी बनाउन यस गा.पा.को गाउँ कार्य पालिकाको मिति २०७५ माघ २२ गतेको बैठकले यो कार्यविधि पारित गरि लागु गरिएको छ ।

## १.संक्षिप्त नाम र प्रारम्भ :

- यो कार्यविधिको नाम चुमनुव्री गाउँपालिको शिक्षक छनौट सम्बन्धि कार्यविधि २०७५ रहेको छ ।
- यो कार्यविधि आजैका मिति देखि लागुहुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यो कार्यविधिमा :

**"समिति"** भन्नाले चुमनुव्री गाउँ पालिकाको शिक्षक छनौट समिति भन्ने सम्झनु पर्छ ।

**"संयोजक"** भन्नाले चुमनुव्री गाउँ पालिकाको शिक्षक छनौट समितिको संयोजक भन्ने बुझिन्छ ।

**"सदस्य"** भन्नाले चुमनुव्री गाउँ पालिकाको शिक्षक छनौट समितिका सदस्यलाई सम्झनु पर्छ ।

**"विषय विज्ञ"** भन्नाले शिक्षा विकास इकाईमा (साविक जि.शि.का.गोरखा) सुचिकृत भएका विषय विज्ञ भन्ने बुझिन्छ ।

## ३. समितिका सदस्य देहाय बमोजिम हुनेछन :

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | -संयोजक |
| गाउँ कार्यपालिकाको बैठकले नियुक्ति गरेको विषय विज्ञ दुई जना | -सदस्य |
| मा.वि. का प्राधानाध्यापकहरुमध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित एक जना | -सदस्य |
| गा.पा. शिक्षा शाखाको शाखा प्रमुख | -सदस्य सचिव |

## ४.परीक्षा सम्बन्धि व्यवस्था

४.१ लिखित तथा अर्न्तवार्ता

- लिखित परीक्षाको पूर्णाङ्क १०० हुनेछ ।
  मौखिक परीक्षामा २५ अंक मध्ये देहाय अनुसार हुनेछ :
- अर्न्तवार्ता : १० अंक
- शैक्षिक योग्यता वापत : प्रथम श्रेणी ३ अंक, द्धितीय श्रेणी २ अंक, तृतिय श्रेणी १ अंक हुनेछ ।
- अनुभव वापत : अधिकतम १२ अंक हुनेछ ।

**४.२. प्रश्नपत्र सम्बन्धि व्यवस्थाः** प्रश्न पत्रको निर्माण शिक्षक सेवा आयोगको पाठ्यक्रमको अधिनमा रही विषय विज्ञले तयार गर्नेछन ।

४.३ परिक्षा संचालन सम्बन्धि व्यवस्थाः शिक्षक सेवा आयोगको प्रचलित शर्तलाई पुर्ण पालना गरिनेछ ।

४.४ उत्तर पुस्तिका परिक्षण सम्बन्धि व्यवस्था सदस्य सचिवले परिक्षार्थीको उत्तर पुस्तिाकाको कोडिङ्ग गरि विज्ञद्धारा परीक्षण गराईनेछ।

**४.५ लिखित परीक्षाको नतिजा प्रकाशन**: लिखित परिक्षाको उत्तीर्ण अंक ५० कायम गरि उत्कृष्ट अंक प्राप्त गर्ने मध्येबाट आवश्यक पद संख्या भन्दा अधिकतम २५ प्रतिशत उम्मेद्धारलाई अर्न्तवार्ताका लागि दर्ता क्रम अनुसार नामवली प्रकाशन गरिनेछ।

**४.६ अन्तिम नतिजा प्रकाशनः** छनौट समितिले लिखित र अर्न्तवार्ताको अंक समाविष्ट गरि अधिकतम अंक प्राप्त गर्ने उम्मेद्धारलाई योग्यता क्रमका आधारमा सफल भएको सुचना प्रकाशन गरि नियुक्तिका लागि सिफारिस गर्नेछ। आवश्यक पद संख्या भन्दा बाँकी रहेका उम्मेद्धारहरुलाई योग्यता क्रमका आधारमा बैकल्पिक सुचिमा राखी ६ महिना भित्र रिक्त हुन आएका दरबन्दीमा पदस्थापना गर्न सकिनेछ।

**४.७ विविधः** कार्यविधिमा कुनै प्रश्न उठेमा छनौट समितिको निर्णय अन्तिम हुनेछ।

आज्ञाले,

गणेश भक्त त्रिपाठी

नि.प्रमुख प्रशासकीय अधिकृत